नेपाल सरकार
गृह मन्त्रालय

# प्रहरी प्रधान कार्यालय

## (मानवश्रोत एवं प्रशासन विभाग, भर्ना छनौट महाशाखा)

नक्साल, काठमाण्डौं ।

प्रथम पटक प्रकाशित मिति :- २०७७/०७/२१ गते ।

## नयाँ भर्ना सम्बन्धी सूचना !!!

नेपाल प्रहरीमा रिक्त रहेको **प्रहरी कार्यालय सहयोगी** पदमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान अनुसार पदपूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रु.१० को टिकट टाँसी (उम्मेदवार स्वयम् उपस्थित भई) दरखास्त आव्हान गरिन्छ ।

### १. आवश्यक माग पद संख्या :-

| विज्ञापन नं. | पद | खुला | अमर/अशक्त प्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | आ./ज. | मधेसी | दलित | पि.क्षे. | |
| ०२ (क) (०७७/७८) | प्रहरी कार्यालय सहयोगी **(माली/बगैंचे)** | ५ | - | - | २ | १ | - | १ | **९** |
| ०२ (ख) (०७७/७८) | प्रहरी कार्यालय सहयोगी **(भान्छे)** | १४१ | ५ | २३ | ३६ | ३३ | १७ | ६ | **२६१** |
| ०२ (ग) (०७७/७८) | प्रहरी कार्यालय सहयोगी **(हजाम)** | ६ | - | - | २ | १ | - | १ | **१०** |
| ०२ (घ) (०७७/७८) | प्रहरी कार्यालय सहयोगी **(सिलाई/बुनाई)** | ८ | - | १ | २ | २ | १ | १ | **१५** |
| ०२ (ङ) (०७७/७८) | प्रहरी कार्यालय सहयोगी **(कुचिकार)** | २७ | १ | ४ | ७ | ६ | ३ | २ | **५०** |
| ०२ (च) (०७७/७८) | प्रहरी कार्यालय सहयोगी **(खेलाडी)** | ८ | - | १ | २ | २ | १ | १ | **१५** |

**नोट:-** प्रहरी कार्यालय सहयोगी **(खेलाडी)** तर्फ **(फुटबल (महिला/पुरुष), भलिबल (महिला/पुरुष), क्रिकेट, एथलेटिक्स, जुडो, कराँते, तेक्वान्दो (WTF), उसु, व्याडमिन्टन, बक्सिङ, भारोत्तोलन)** विधा तर्फका खेलाडीहरुले मात्र दरखास्त दर्ता गर्न सक्ने छन् ।

### २. दरखास्त फाराम दर्ता मिति :- २०७७/०८/०२ गते, बिहान १०:०० बजे देखि २०७७/०९/०६ गते, १६:०० बजे सम्म (सार्वजनिक बिदाको दिन बाहेक) ।

### ३. दरखास्त फाराम पाइने र बुझाउने स्थानहरु :-

| क्र.सं. | कार्यालय | सम्पर्क नम्बर |
|---|---|---|
| १. | १ नं. प्रदेश प्रहरी तालिम केन्द्र, **विराटनगर मोरङ** । | ९८५२०९०१८० |
| २. | २ नं. प्रदेश प्रहरी तालिम केन्द्र, जनकपुर (हाल सम्पर्क कार्यालयः **राजविराज सप्तरी**) । | ९८५४०९०६०० |
| ३. | बागमती प्रदेश प्रहरी तालिम केन्द्र, **दुधौली सिन्धुली** । | ९८५४०४१७८९ |
| ४. | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, **पोखरा कास्की** । | ९८५६०६८१२१ |
| ५. | लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र, **बुटवल रुपन्देही** । | ९८५७०९०४४४ |
| ६. | कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, **सुर्खेत (हाल नेपालगंज)** । | ९८५८०९०११५ |
| ७. | सुदूर पश्चिम प्रदेश प्रहरी तालिम केन्द्र, **दिपायल डोटी** । | ९८५८४९००८४ |
| ८. | महानगरीय प्रहरी परिसर, **काठमाण्डौं** । | ९८५१२८३०१२ |
| ९. | महानगरीय प्रहरी परिसर, **भक्तपुर** । | ९८५१२८३०२० |
| १०. | महानगरीय प्रहरी परिसर, **ललितपुर** । | ९८५१२८३०१७ |
| ११. | जिल्ला प्रहरी कार्यालय, **(सबै)** । | सम्बन्धित जि.प्र.का.हरु |

**नोट:- प्रहरी कार्यालय सहयोगी (खेलाडी)** पद तर्फ दरखास्त दर्ता गर्न इच्छुक उम्मेदवारहरुको राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगंज काठमाण्डौंमा मात्र दरखास्त फाराम दर्ता हुनेछ ।

### ४. दरखास्त राजश्व (दस्तुर) :-

- दरखास्त फारामसाथ राजश्व दस्तुर बापत रु.१०० (एक सय) बुझाउनु पर्नेछ । साथै एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारहरुको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.२०) का दरले थप दस्तुर लाग्ने छ ।

## ५. आवश्यक न्यूनतम योग्यताहरु :-

(क) शैक्षिक योग्यताः साधारण लेखपढ गर्न जानेको ।
(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजायँ नपाएको ।
(ग) राजनैतिक दलको सदस्य नरहेको ।
(घ) आतङ्ककारी सङ्गठनको सदस्य नरहेको ।
(ङ) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।
(च) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
(छ) प्रहरी प्रधान कार्यालयबाट तोकिएको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको (परीक्षा सञ्चालनको क्रममा हुने)।
(ज) नेपाली नागरिक ।
(झ) उचाई, छाती र तौलः
 (१) **पुरुष**ः उचाई घटीमा ५ फिट, छाती ३१-३३, तौल ५० के.जी.
 (२) **महिला**ः उचाई घटीमा ४ फिट १० ईन्च, तौल ४२ के.जी.
(ञ) **खेलाडीको** हकमा राष्ट्रिय खेलकुद परिषद र राष्ट्रिय खेलकुद परिषदबाट मान्यता प्राप्त संघको राष्ट्रिय प्रतियोगितामा सहभागी भई पदक प्राप्त गरेको वा दक्षिण एसियाली, एसियाली र ओलम्पीक खेलमा सहभागी भई उत्कृष्ट प्रदर्शन गरेको वा युथ १६, १८ र १९ प्रतियोगिताहरुमा सहभागी भई पदक प्राप्त गरेको वा अन्य अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भई उत्कृष्ट प्रदर्शन गरेको प्रमाण पत्र पेश गर्नु पर्नेछ ।

## ६. उमेर हद :-

- दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २५ वर्ष ननाघेको ।

## ७. दरखास्तसाथ समावेश गर्नुपर्ने कागजातहरु :-

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ (एक) प्रति ।
(ख) हालसालै खिचेको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको पासपोर्ट साइजको फोटो (पुरुषको हकमा दाह्री र कपाल काटेको) ५ (पाँच) प्रति ।
(ग) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाण-पत्र र मार्कशिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा उच्च माध्यमिक शिक्षा परिषद/त्रि.वि.वि.बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate)।
(घ) **आदिवासी/जनजातिका** हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात ।
(ङ) **दलितका** हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात ।
(च) **मधेसीका** लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरि तोके बमोजिमको संस्थाबाट मधेसी भनि प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरि संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि-१ (एक) प्रति ।
(छ) **पिछडिएको क्षेत्रका** लागि (**अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला**) जिल्लामा स्थायी बसोवास गरि सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाण पत्र प्राप्त गरेको तथा सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट दरखास्त पेश गर्दाका वखतसम्म सोही स्थानमा स्थायी बसोवास भएको भन्ने सिफारिस गरिएको । स्थायी वसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा नागरिकता जारी भएको जिल्ला प्रशासन कार्यालयबाट सो गर्नु परेको कारण उल्लेख भएको पत्र लिएको हुनु पर्नेछ ।
(ज) **अमर/अशक्त प्रहरी परिवारको** लागि अमर/अशक्त भएको कुरा पुष्टि हुने कागजपत्र र नाता प्रमाणित कागजपत्र ।
(झ) दरखास्त फारामसँग संलग्न गरि पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडि पट्टि **'सक्कल बमोजिम नक्कल ठिक छ'** भनि उम्मेदवार स्वयम्ले अनिवार्य रुपमा दस्तखत गर्नु पर्नेछ ।

## ८. परीक्षा विधि र परीक्षा हुने स्थान :-

- प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा, विस्तृत स्वास्थ्य परीक्षण परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता ।

➢ **परीक्षा सञ्चालन हुने स्थानः**

| क्र.सं. | दरखास्त फाराम वितरण तथा दर्ता केन्द्र | परीक्षा संचालन गर्ने कार्यालय |
|---|---|---|
| १. | प्रदेश प्रहरी तालिम केन्द्र विराटनगर, जि.प्र.का.ईलाम, झापा, पाँचथर, ताप्लेजुङ, भोजपुर, धनकुटा, मोरङ, संखुवासभा, सुनसरी, तेह्रथुम, खोटाङ, ओखलढुंगा, सोलुखुम्बु,र उदयपुरमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको हकमा । | १ नं. प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगर । |

| | | |
|---|---|---|
| २. | प्रदेश प्रहरी तालिम केन्द्र जनकपुर, जि.प्र.का.सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको हकमा । | २ नं. प्रदेश प्रहरी तालिम केन्द्र, जनकपुर (हाल सम्पर्क कार्यालयः राजविराज सप्तरी) । |
| ३. | प्रदेश प्रहरी तालिम केन्द्र सिन्धुली, जि.प्र.का.दोलखा, रामेछाप, सिन्धुली, चितवन र मकवानपुरमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको हकमा । | बागमती प्रदेश प्रहरी तालिम केन्द्र, दुधौली सिन्धुली । |
| ४. | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र पोखरा, जि.प्र.का.गोरखा, लम्जुङ, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, स्याङजा, म्याग्दी र बाग्लुङमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको हकमा । | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, पोखरा । |
| ५. | प्रदेश प्रहरी तालिम केन्द्र बुटवल, जि.प्र.का.नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रोल्पा, प्यूठान र दाङमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको हकमा । | लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र, बुटवल । |
| ६. | कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र सुर्खेत (हाल नेपालगंज), जि.प्र.का.रुकुम (पूर्व), रुकुम (पश्चिम), बाँके, बर्दिया, सल्यान, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट दैलेख र सुर्खेतमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको हकमा । | कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत (हाल नेपालगञ्ज) । |
| ७. | सुदूर पश्चिम प्रदेश प्रहरी तालिम केन्द्र दिपायल, जि.प्र.का.बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेलधुरा, कन्चनपुर र कैलालीमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको हकमा । | सुदूर पश्चिम प्रदेश प्रहरी तालिम केन्द्र, दिपायल । |
| ८. | म.न.प्र.परिसर काठमाण्डौ, भक्तपुर, ललितपुर साथै जि.प्र.का.काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट र धादिङ र रा.प्र.प्र.प्र.महाराजगंजमा प्रहरी कार्यालय सहयोगी (खेलाडी) पद तर्फ दरखास्त दर्ता गरेका उम्मेदवारहरुको हकमा । | महानगरीय प्रहरी शिक्षालय, महाराजगंज । |

**नोटः-**

- प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा र विस्तृत स्वास्थ्य परीक्षण परीक्षामा उत्तीर्ण हुने सबै परीक्षा केन्द्रका उम्मेदवारहरुको **प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता परीक्षा महानगरीय प्रहरी शिक्षालय, महाराजगंज काठमाण्डौमा** सञ्चालन हुनेछ ।

९. **विशिष्टीकृत कार्य क्षेत्र तथा कामको प्रकृति** :- प्रहरी कार्यालय सहयोगी पदको हकमा विशिष्टीकृत कार्य क्षेत्र र गर्नु पर्ने कामको प्रकृति समावेश गरिएको हुँदा दरखास्त फाराम पेश गर्दा फाराम साथ संलग्न ***विशिष्टीकृत कार्य क्षेत्र चयन फाराम*** समेत भरि उम्मेदवारहरुले आफ्नो इच्छा/चाहना तथा क्षमता अनुसारको कुनै १ (एक) कार्य क्षेत्र मात्र चयन गरी (√) चिन्ह लगाउनु पर्नेछ ।

| विशिष्टीकृत कार्य क्षेत्र र गर्नु पर्ने कामको प्रकृति | |
|---|---|
| माली/बगैंचे | नर्सरी तथा वगैँचा व्यवस्थापन सम्वन्धी कार्यहरु गर्नुका साथै वगैँचा तथा फुलहरुको हेरचाह सजावट आदि गर्नु पर्ने । |
| भान्छे | प्रहरी मेशमा खाना पकाउने, भान्सा कोठा र भाँडाकुंडा लगायत अन्य सरसफाईको काम गर्नु पर्ने । |
| हजाम | प्रहरी कर्मचारीको कपाल काट्ने सम्बन्धी काम गर्नु पर्ने । |
| सिलाई बुनाई | प्रहरी कर्मचारीहरुको पोशाक सिलाई बुनाई, कटाई गर्नुका साथै सिलाईसँग सम्वन्धित अन्य कार्यहरु गर्नु पर्ने । |
| कुचिकार | कार्यालय, शौचालय, स्नान गृह लगायतका कार्यालय कम्पाउड समेतको सरसफाई गर्नु पर्ने । |
| खेलाडी | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा सहभागी भई खेल्नु पर्ने । |

१०. **सम्पर्क मिति तथा स्थान** :- २०७७/०९/१५ गते विहान ११:०० बजे, दरखास्त फाराम दर्ता गर्ने सम्बन्धित प्रहरी कार्यालयहरु ।

**पुनश्चः**

१. हरेक चरणको परीक्षा समाप्ती पछि नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ ।
२. परीक्षा संचालन गर्दा खुला तथा समावेशी तर्फको एउटै परीक्षा संचालन गरिनेछ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फका उम्मेदवारहरु बिच मात्र छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई छनौट गरिनेछ ।
३. दरखास्त पेश गर्दा सक्कल प्रमाण-पत्रहरु साथमा लिई उम्मेदवार स्वयम् उपस्थित हुनु पर्नेछ ।
४. यस विज्ञापन सम्बन्धी सूचना तथा विभिन्न चरणमा लिइने परीक्षाहरुको पाठ्यक्रम नेपाल प्रहरीको वेभसाईटः*www.nepalpolice.gov.np* मा समेत हेर्न सकिनेछ र दरखास्त फाराम सोही वेभसाइटबाट डाउनलोड गरी आवश्यक कागजातहरु संलग्न राखी तोकिएको कार्यालयमा पेश गर्न सकिने छ ।

मितिः- २०७७/०७/२१ गते ।

नेपाल सरकार गृह मन्त्रालय प्रहरी प्रधान कार्यालय, नक्साल

**प्रहरी प्रधान कार्यालय**
मानवश्रोत एवं प्रशासन विभाग
भर्ना छनौट महाशाखा
नक्साल, काठमाण्डौं ।
फोन नम्बर : ०१-४४१४९०६